**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१को भाग-१ सँग सम्बन्धित)

**मध्यनेपाल नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड : ५ संख्याः २ मिति : २०७९।११।३०**

**भाग-१**

नेपालको सविधान बमोजिम मध्यनेपाल नगरपालिकाको नगरसभाले वनाएका देहाय बमोजिमका ऐनहरु सर्वसाधारणको जानाकारीका लागि प्रकाशन गरिएको छ ।

## मध्यनेपाल नगरपालिका शिक्षा ऐन, २०७९

नगर सभावाट पारित मितिः २०७९/११/१७

प्रस्तावना :

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि ज्ञान, सीप, श्रम, स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस नगरपालिका क्षेत्रभित्र स्थापना हुने तथा यो ऐन प्रारम्भ हुनु पूर्व स्थापना भई सञ्चालन भई रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गरी स्तरीय शिक्षा तथा सीपको अवसर बृद्धि गर्न वाञ्छनीय भएकाले नेपालको संविधान धारा २२१, अनुसूची ८ को सूची नम्बर ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गण्डकी प्रदेश अन्तरगतको मध्यनेपाल नगरपालिका, लमजुङको नगर सभाले यो ऐन बनाएको छ।

**परिच्छेद — १**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यस ऐनको नाम मध्यनेपाल नगरपालिका शिक्षा ऐन, २०७९ रहेको छ।

(२) यो ऐन मध्यनेपाल नगरपालिका भर लागू हुनेछ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात् तुरुन्त लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) “अनुमति” भन्नाले नगरपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(ख) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले दफा १५ को प्रयोजनको लागि विद्यार्थीका बुवा, आमा, बाजे, बज्यै तथा अभिभावक नभएका विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(ग) “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ग) “आधारभूत शिक्षा परीक्षा” भन्नाले आधारभूत तहको कक्षा ८ को अन्त्यमा हुने बार्षिक परीक्षालाई सम्झनु पर्छ।

(घ) “आवासीय विद्यालय” भन्नाले नगरपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति दिइएको विद्यालयलाई जनाउँछ।

(ङ) “कर्मचारी” भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य जनशक्तिलाई सम्झनु पर्छ।

(च) “ट्युसन सेन्टर, कोचिङ.सेन्टर, इन्स्टिच्युट र मन्टेश्वरी” भन्नाले नगरपालिकाबाट तोकिएको मापदण्ड पूरा गरी ट्युसन सेन्टर, कोचिङ सेन्टर, इन्स्टिच्युट र मन्टेश्वरी सञ्चालनको लागि नगरपालिकाबाट अनुमति लिएको शैक्षिक संस्थालाई जनाउँछ।

(छ) “नगरपालिका” भन्नाले नेपालको संविधान बमोजिम स्थानीय सरकारको रुपमा स्थापित मध्यनेपाल नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ज) “नगरसभा” भन्नाले मध्यनेपाल नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

(झ) “नगर शिक्षा समिति” भन्नाले विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने कामसमेत गर्नका लागि बनेको समितिलाई सम्झनुपर्छ।

(ञ) “प्रधानाध्यापक” भन्नाले विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकीय जिम्मेवारी तोकिएको अध्यापकलाई जनाउँछ।

(ट) “प्रारम्भिक बालशिक्षा” भन्नाले पाँच वर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बालशिक्षा सम्झनु पर्छ।

(ठ) “प्राविधिक सहायक” भन्नाले नगरपालिका भित्रका शैक्षिक गतिविधि सञ्चालन गर्न शाखामा काम गर्ने पाँचौं÷छैठौं तहको कर्मचारीलाई सम्झनु पर्छ।

(ड) “प्राविधिक तथा व्यावसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषय वस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न नौ कक्षादेखि बाह्र कक्षासम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ।

(ढ) “वडा शिक्षा समिति” भन्नाले वडाभित्रको विद्यालय रेखदेख र व्यवस्थापन गर्ने कामका लागि वनेको समिति सम्झनु पर्दछ।

(ण) “विद्यालय शिक्षा” भन्नाले प्रारम्भिक बालविकास शिक्षा, आधारभूत र माध्यमिकदुवै शिक्षा सम्झनुपर्छ।

(त) “विद्यार्थी कल्याण” भन्नाले विद्यार्थी हितसँग सम्बन्धित कार्यलाई सम्झनु पर्छ।

(थ) “विशेष शिक्षा” भन्नाले दृष्टिबिहीन, बहिरा, अटिज्म, बौद्धिक अपांगता, सुस्तश्रवण वा शारीरिक अपांगता भएका बालबालिकालाई दिइने विशेष किसिमको शिक्षा सम्झनु पर्छ।

(द) “मन्त्रालय” भन्नाले प्रादेशिक तहमा स्थापना भएको सामाजिक विकास मन्त्रालय र संघीय तहमा स्थापना भएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ध) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौदेखि कक्षाबाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(न) “समायोजन” भन्नाले दुई वा दुईभन्दा वढी विद्यालयलाई एउटै विद्यालयमा गाभ्ने प्रक्रियालाई सम्झनुपर्छ।

(प) “सहकारी विद्यालय” भन्नाले सहकारी ऐन अन्तर्गत स्थापना हुने विद्यालयलाई सम्झनुपर्छ।

(फ) “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदानपाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(ब) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा सोही मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.) र परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीनकार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ।

(भ) “संस्थागत विद्यालय”भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी निजी पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(म) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको सर्त पूरा गरेको विद्यालयलाई नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

(य) “शाखा” भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखा सम्झनु पर्छ।

(र) “शाखा अधिकृत” भन्नाले नगरपालिका भित्रका शैक्षिक गतिविधि सञ्चालन गर्न शाखामा काम गर्ने सातौं वा आठौं तहको अधिकृत स्तरको कर्मचारीलाई सम्झनु पर्छ। सो शब्दले विद्यालय निरीक्षण गर्न तोकिएको कर्मचारी समेतलाई जनाउँदछ।

(ल) “शिक्षा अधिकारी” भन्नाले नगरपालिका भित्र स्थानीय तहको शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्यांकन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न नेपाल सरकारले यस नगरपालिकामा समायोजन गरी पठाएका उपसचिव वा अधिकृतस्तर नवौं वा दशौं तहको अधिकृत स्तरको कर्मचारी सम्झनु पर्छ।

(व) “शिक्षक” भन्नाले विद्यालयमा शिक्षण सिकाइ गर्न नियुक्त अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(स) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ।

**परिच्छेद - २**

**शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमति, स्वीकृति, समायोजन तथा नियमन**

३. माध्यमिक शिक्षाको प्रकार :

माध्यमिक शिक्षा देहाय बमोजिमका हुनेछन् :-

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा।

४. शिक्षाको माध्यम

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम निम्न बमोजिम हुन सक्नेछ :-

(क) कक्षा पाँच सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ।

(ख) गैरनेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा नेपाली विषयको सट्टा अन्यकुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सम्बन्धित भाषा हुनेछ।

५. विशेष शिक्षा, समाहित शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षाको व्यवस्था गरी सञ्चालन गरिनेछ।

६. विद्यालयका प्रकार

(क) सामुदायिक विद्यालय,

(ख) संस्थागत विद्यालय,

(ग) गुठी विद्यालय,

(घ) सहकारी विद्यालय।

७. विद्यालय वर्गीकरण

(क) क वर्गको विद्यालय,

(ख) ख वर्गको विद्यालय,

(ग) ग वर्गको विद्यालय,

(घ) घ वर्गको विद्यालय।

सामुदायिक तथा संस्थागत विद्यालयहरुले शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगाडि नै तोकिएको ढाँचामा विवरण भरी विद्यालय वर्गीकरणका लागि निवेदन दिन सकिनेछ र शाखा अधिकृतको संयोजकत्वमा शिक्षा अधिकारीबाट मनोनित नेपाल शिक्षक महासंघको नगर प्रतिनिधि र संस्थागत विद्यालयको प्रतिनिधीको प्रतिनिधित्वहुने गरी गठित तीन सदस्यीय समितिले तोकिएको आधारमा वर्गीकरणको सिफारिस गर्नेछ। सो सिफारिशको आधारमा विद्यालयको वर्गीकरणको अन्तिम निर्णय गर्नका लागि देहाय बमोजिमको समिति गठन हुनेछ।

शिक्षा अधिकारी, नगरपालिका – संयोजक

संयोजक, सामाजिक विकास समिति – सदस्य

अध्यक्ष, नेपाल शिक्षक महासंघ(नगरपालिकास्तर) – सदस्य

नगर शिक्षा समितिबाट मनोनित शिक्षाविद् तथा समाजसेवी मध्येवाट एक जना – सदस्य

शाखा अधिकृत, नगरपालिका – सदस्य – सचिव

८. विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्ने

(१) कुनै नेपालीवा नेपाली नागरिक समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तरगत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा शिक्षा समितिको सिफारिस सहित शैक्षिक सत्र शुरु

हुनुभन्दा तीन महिना अगावै र पूर्व प्राथमिक विद्यालय तथा कक्षा थप गर्न चाहने विद्यालयहरुले शैक्षिक सत्र शरु हुनुभुन्दा दुई महिना अगावै नगरपालिकाको सम्बन्धित शिक्षा अधिकारी समक्ष अनमुतिका लागि निवदेन दिनपुर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शाखाबाट खटिएको अधिकृतस्तर कर्मचारीबाट आवश्यक जाँचबुझ गरी विद्यालय खोल्न तथा कक्षा थप गर्ने अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी नगर शिक्षा समितिको सिफारिसमा शिक्षा अधिकारीले शैक्षिक सत्र शुरु हुनुभन्दा अघि अनुमति दिनेछ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न शिक्षा अधिकारी समक्ष निवेदन दिन सक्ने छ।

(४) दफा ८ को अनुच्छेद (३) मा जे सुकै लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन ः

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गादानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवनबनाई सञ्चालन भएको विद्यालय।

(५) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तरगत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ः

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) संगठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय—व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यताप्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा वडा शिक्षा समितिको सिफारिसमा नगरपालिकाको स्वीकृति लिनुपर्ने छ।

(६) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा आधारभूत र माध्यमिक तहको हकमा नगर शिक्षा समितिबाट स्वीकृतिलिई सार्वजनिक शैक्षिक गुठी अन्तरगत विद्यालय सञ्चालन गर्नसक्ने छ।

(७) उपदफा (६) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(८) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन। तर, नेपाल सरकारसँग सम्झौता भएको अवस्थामा त्यस्ता विद्यालयलाई अनुमति दिन सकिनेछ।

(९) विद्यालय खोल्ने अनुमति दिँंदा विद्यालय सञ्चालनको सुरक्षण वापत सामुदायिक विद्यालयको आधारभूत तह निःशुल्क र माध्यमिक तह भए एकलाख र संस्थागत विद्यालयको आधारभूत १–५ भए एकलाख, १–८ भए दुईलाख र माध्यमिक भए तीनलाख धरौटी राख्नुपर्नेछ।

(१०) उपदफा (७), (८), (९) मा उल्लेखित भए बमोजिमका विद्यालयहरुलाई नियमअनुसार आवश्यक प्रक्रिया पुरा गरी सामुदायीकरण गर्न सकिनेछ।

(११) विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ।

९. नगरपालिकाले प्रारम्भिक बालशिक्षाको मन्टेश्वरी कक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा तोकिए बमोजिम व्यवस्था गर्न सक्नेछ।

१०. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने

नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ। यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय, वाचनालय र ई–वाचनालय सञ्चालन हुन सक्नेछ।

११. नगरपालिकाले विद्यालय एक स्थानबाट अर्को स्थानमा सार्न, गाभ्न, नाम परिवर्तन गर्न वाबन्द गर्न सक्ने

(१) नगरपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दुरीभन्दा कम दुरी रहेका कुनै सामुदायिक विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभेर एउटा विद्यालयमा समायोजन गर्न, तह थप गर्न, कक्षा घटाउन, विद्यालय बन्द गर्न सक्ने छ। विद्यालय समायोजन गर्दा कुनै सामुदायिक विद्यालयमा कक्षा १–३ सम्म १५ जना भन्दाकम, १–५ कक्षा सम्म भए २५ जना भन्दा कम, ६–८ कक्षा सम्ममा २० जना भन्दा कम, ९–१० कक्षामाभए २० जना भन्दाकम र ११–१२ कक्षामा २० जना भन्दाकम विद्यार्थी भए वडा शिक्षा समिति मार्फत नगर शिक्षा समितिले नजिकको पायक र पूर्वाधारयुक्त विद्यालयमा हरेक शैक्षिक सत्रको सुरुमा समायोजन गर्नेछ। यसरी समायोजन गर्दा शिक्षक कर्मचारीलाई गाभिएको विद्यालयमा विद्यार्थी संख्याको आधारमा मिल्ने भए जेष्ठताको आधारमा व्यवस्थापन गर्ने र विद्यार्थी संख्या न्यून भए अन्य विद्यालयमा शिक्षक व्यवस्थापन गरिनेछ। भौगोलिक विकटता भएको स्थानमा विद्यालय समायोजन गरिने छैन।

(२) संस्थागत विद्यालयहरुले एक स्थानबाट अर्को स्थानमा ठाँउसारी गर्दा आफ्नो घरजग्गा भएको प्रमाणसहित ठाँउसारीका लागि वडा कार्यालयको सिफारिस सहित शाखामा निवेदन दिनुपर्ने छ। यसरी प्राप्त भएको निवेदनउपर छानबिन गर्दा प्रक्रिया पूरा गरी आएमा ठाँउसारी प्रक्रिया अघि बढाउन सकिनेछ र ठाँउसारी गर्दा पैतीस दिने सूचना जारी गरी दावि बिरोध नभएमा मात्र ठाँउसारी गर्न सकिनेछ। संस्थागत विद्यालयहरुले ५ वर्ष भित्र आफ्नो

घर जग्गा नभए अनुमति रद्ध गर्न सकिनेछ र नयाँ संस्थागत विद्यालय खोल्न चाहेमा नजिकको विद्यालयभन्दा एक किलो मिटर टाढाको दुरीमा खोल्नु पर्नेछ। ठाँउ सारीको लागि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारणसहित तोकिएको विवरण र ढाँचामा नगर शिक्षा समिति मार्फत नगरपालिकामा स्वीकृतिका लागि पेस गर्नुपर्ने छ।

(४) उपदफा (३) बमोजिम पेस हुनआएको निवेदनउपर नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्ने छ।

(५) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन। माध्यमिकतहको हकमा ५०,००,०००।— (पचास लाख रुपैयाँ), आधारभूततहको हकमा ३०,००,०००।– (तीस लाख रुपैयाँ) प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधापुगेको मानिने छैन। नयाँ स्थापना हुने विद्यालयको नाम नेपालीमा हुनुपर्नेछ र यस अघि अंग्रेजी शब्दमा नाम भई स्थापना भएका विद्यालयको नाम नेपाली पहिचान झल्किने गरी नाम राख्न प्रोत्साहन गरिनेछ।

१२. नगर शिक्षा समिति सम्बन्धी व्यवस्था

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ ः

(क) नगर प्रमुख – अध्यक्ष

(ख) नगर उपप्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(घ) नगर सभाका सदस्यहरु मध्येबाट एक जना महिला सहित नगरकार्यपालिकाले तोकेका तीन जना – सदस्य

(ङ) नगरपालिका भित्रका सामुदायिक वा संस्थागत विद्यालयका वि.व्य.स. अध्यक्षहरुमध्येबाट नगर प्रमुखले मनोनित एक जना – सदस्य

(च) सामुदायिक वा संस्थागत विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेका दुईजना –सदस्य

(छ) संयोजक, सामाजिक विकास समिति – सदस्य

(ज) शिक्षाविद् तथा समाजसेवीहरु मध्येबाट अध्यक्षले तोकेको एकजना – सदस्य

(झ) नगरपालिकाको नेपाल शिक्षक महासंघको अध्यक्ष – सदस्य

(ञ) शिक्षा अधिकारी – सदस्य सचिव

(२) समितिका मनोनित सदस्यको कार्यकाल तीनवर्षको हुनेछ।

(३) उपदफा (१) अनुसारका मनोनित सदस्यहरुले आफ्नो पदीय आचरण पूरा नगरेमा नगर शिक्षा समितिले जुनसुकै समयमापनि हटाउन सक्नेछ तर त्यसरी हटाउन वावर्खास्त गर्नुअघि मनासिव माफिकको स्पष्टीकरणको मौकाबाट वञ्चित गरिने छैन।

(४) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ः

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) नगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, कक्षा थप, तहथप, नाम परिवर्तन गर्ने, विद्यालय सार्ने, गाभ्ने, कोचिङ तथा ट्यूसन सेन्टरको अनुमतिदिने,

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने,

(घ) आपmन्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

(ङ) विद्यालयहरुको लेखा परीक्षकहरुको सूची सार्वजनिक गर्ने,

(च) नगरपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्ने।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(ज) विद्यालयका लागि आवश्यक स्रोत र साधन जुटाउन र परिचालन गर्ने,गराउने।

(झ) द्वन्द्व व्यवस्थापन गर्ने,

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने,

(ट) गुणस्तरीय शिक्षाको सामाजिक परीक्षण गर्ने एवम् शिक्षाको अनुगमन तथा सुरिवेक्षणको प्रबन्ध गर्ने,

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(ड) शैक्षिक गुठीसँग सम्झौताका सर्तहरु निर्धारण गर्ने,

(ढ) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने,

(ण) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृति र अनुमति प्रदान गर्ने,

(त) विद्यालय व्यवस्थापन समिति गठन गर्न सहजीकरण गर्ने,

(थ) शिक्षकहरुको सरुवा व्यवस्थापन गर्ने,

(द) सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने,

(ध) आवश्यकता अनुसार विद्यार्थी कल्याण कोषको व्यवस्थापन गर्ने,

(न) विद्यालयमा दरवन्दी मिलान गर्ने र विद्यार्थी शिक्षक अनुपात कायम गर्ने,

(प) विद्यालयमा पठनपाठनको अधिकतम प्रबन्ध हुने गरी शैक्षिक क्यालेन्डर बनाई लागु गर्ने, गराउने,

(फ) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने,

(ब) नगर कार्यपालिकालाई गुणस्तरीय शैक्षिक विकास केन्द्रका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(भ) शैक्षिक गुणस्तर अभिवृद्धि सम्बन्धी राय, सुझाव र गोष्ठीहरुको आयोजना गर्ने,

(म) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

१३. शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार

(१) नगरस्तरीय शिक्षा, युवातथा खेलकुदसम्बन्धी योजनातर्जुमा गरी नगर कार्यपालिकामा पेस गर्ने,

(२) नगरपालिका तथा नगर शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रmमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

(३) विद्यालय तथा शैक्षिक संस्थाहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने गराउने,

(४) नगर कार्यपालिका, नगर शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक परामर्श दिने,

(५) शिक्षकहरुको तोकिए बमोजिमको कार्यसम्पादन मूल्याकन गरी अभिलेख ,

(६) आधारभूत तहका कक्षा ८ को अन्तिम तथा बाह्य परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने,

(७) सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको अभिलेख राख्ने,

(८) विद्यालयमा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागूगरे नगरेको अनुगमन गर्ने,

(९) विद्यालयबाट प्राप्त भएका लेखापरीक्षकहरुको सूचीमध्ये एक जनालाई लेखा परीक्षकमा नियुक्त गर्ने,

(१०) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने,गराउने,

(११) विद्यालयबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गर्ने,

(१२) शिक्षकको तलवीप्रतिवेदन स्वीकृतकालागिसिफारिस गर्ने,

(१३) विद्यालयको शैक्षिक कार्यक्रमको नियमित अनुगमन गर्ने, गराउने,

(१४) नगर शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने,

(१५) अन्य काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१४. वडा शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकार

(१) वडास्तरमा वडाको विद्यालय रेखदेख र व्यवस्थापन गर्न देहायबमोजिम वडा शिक्षा समिति रहने छ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष –अध्यक्ष

(ख) वडा समितिका सदस्यहरुमध्ये वडा समितिले तोकेको एक जना महिला –सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एकजना

–सदस्य

(घ) सामुदायिक वा संस्थागत विद्यालयका प्रधानाध्यापक÷संस्थापक मध्येबाट वडा शिक्षा समितिले तोकेको दुईजना –सदस्य

(ङ) वडाभित्रका शिक्षा प्रेमी मध्येबाट वडा समितिले तोकेको एकजना –सदस्य

(च) सम्बन्धित वडाका वडा—सचिव –सदस्य सचिव

(२) वडा शिक्षा समितिको कामकर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ः

(क) वडा भित्रको शैक्षिक योजना तयार गरी कार्यान्वयन गर्ने,

(ख) वडा भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(घ) विद्यालयका लागि आवश्यक स्रोत साधन जुटाउने र परिचालन गर्ने गराउन,े

(ङ) द्वन्द्व व्यवस्थापन गर्ने,

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने, गराउने र अनुगमनको क्रममा अनियमितता गरेमा कारवाहीको लागि सिफारिस गर्ने।

(छ) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तहथप गर्न नगर शिक्षा समितिमा सिफारिस गर्ने,

(ज) वडाको शैक्षिक अभिबृद्धिका लागि आवश्यक कार्यहरु गर्ने,

(झ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न सिफारिस गर्ने,

(ञ) उत्कृष्ट कार्य गर्ने शिक्षक र कर्मचारीहरुलाई प्रोत्साहित गर्ने,

(ट) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठनमा सहयोग गर्ने,

(ठ)वडाको गुणस्तरीय शिक्षा विकासका लागि गोष्ठी गर्ने।

(ड) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्ने,

(ढ) नगर शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने,

१५. विद्यालय व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ः

(क)अभिभावकले आफू मध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिलासहित चार जना

–सदस्य

(ख) विद्यालय रहेको वडाको वडा अध्यक्ष वा वडा समितिले तोकेको सदस्य एक जना

– सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका वा दश लाख भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका एक जना महिलासहित दुईजना – सदस्य

(घ) शिक्षकहरुले आफूमध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि एक जना – सदस्य

(ङ.) विद्यालयका प्रधानाध्यापक – सदस्य सचिव

बालक्लवको अध्यक्षलाई आवश्यकतानुसार आमन्त्रित सदस्यका रुपमा वैठकमा बोलाउन सकिनेछ। समितिका सदस्यहरुले ग अनुसारको सदस्यहरु छनौट गर्नेछन्। मनोनित सदस्यहरुको तीनवर्षे पदावधि रहने गरी घ र ङ वाहेकका सदस्यहरुबाट समितिको अध्यक्ष छनोट गरिनेछ। कुनै पनि सरकारी वा गैह्सरकारी सेवामा कार्यरत शिक्षक र कर्मचारी भएको अवस्थामा समितिको अध्यक्ष हुन पाइने छैन। चन्दादाताहरुवाट सदस्य छनौट गर्दा जसले दानदातव्य गरेको हो सोही व्यक्ति मात्र सदस्यका रुपमा राख्न सकिने छ। अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनित गर्ने वा छान्ने व्यक्ति वा निकायले निजलाई जुनसुकै वखत पदबाट हटाउन सक्नेछ। तर हटाउनु अगाडी वा समिति विघटन गर्नु अधि आफ्नो सफाई पेश गर्ने मौका बाट बञ्चित गरिने छैन।

(२) माथि उपदफा २ मा जेसुकै लेखिएता पनि विद्यालय व्यवस्थापन समितिले विद्यालयको हितमा काम नगरेमा नगर शिक्षा समितिले जुन सुकै बेला त्यस्तो समितिलाई विघटन गरी नयाँ समिति गठनको लागि निर्देशन दिन सक्नेछ। त्यसरी विघटन गर्नु अधि समितिलाई सफाई पेश गर्ने मौका दिईनेछ।

(३) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ः

(क) विद्यालय सञ्चालनका लागि प्राप्त स्रोत साधनको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी वडा र नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको तोकीएको पोसाक कार्यान्वयन गर्ने।

(छ) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगबाट सिफारिस भई नियुक्ति लिएका शिक्षकहरुलाई हाजिर गराई काममा लगाउने तथा नगरपालिकाबाट स्वीकृत दरबन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने

(ज) सम्बन्धित निकायबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने

(झ) नगर शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन वडा शिक्षा समिति र नगर शिक्षा समितिमा पेस गर्ने,

(ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित वडा शिक्षा समिति,नगरपालिका र नगर शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,

(ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मूलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने,

(ड) तोकिए बमोजिम दरबन्दीका शिक्षक तथा कर्मचारीलाई विभागीय कारवाही गर्ने

(ढ) विद्यालयको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकका लागि सेवा, सर्त र सुबिधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने

(ण) विद्यालय शिक्षा एकै शिक्षण अवधिमा सञ्चालन गर्न प्रबन्ध मिलाउने,

(त) स्थानीय पाठ्यक्रम निर्माणका लागि विषय विज्ञ र सल्लाहकार मनोनयन गर्न सकिने छ,

(थ) विद्यालय शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावक आचारसंहिता बनाई लागु गर्ने,

(द) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(४). यस ऐन भन्दा अगाडिको ऐनद्वारा गठित विद्यालय व्यवस्थापन समितिको पदावधि सोही ऐनमा भएको व्यवस्था अनुसार हुनेछ।

१६. शिक्षक अभिभावक संघको गठन, काम, कर्तव्य र अधिकार

(१) सामुदायिक विद्यालयमा शिक्षक अभिभावक बीच सहकार्य तथा समन्वय गर्न प्रत्येक विद्यालयमा सबै अभिभावक र शिक्षकहरु रहेको एक शिक्षक अभिभावक संघ रहने छ तथा कार्य सञ्चालन र व्यवस्थापन गर्नका लागि देहायका सदस्यहरू रहेको एक शिक्षक अभिभावक संघको कार्यकारी समिति रहने छ ः

(क) विद्यालयका अभिभावक मध्येबाट छनौट गरेको व्यक्ति – अध्यक्ष

(ख) अभिभावकले आफूहरु मध्येबाट छानी पठाएका कम्तीमा एक जना महिलासहित तीनजना –सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट वडा समितिले मनोनयन गरेको एकजना – सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्ति मध्येबाट समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना – सदस्य

(ङ) विद्यालयका शिक्षकले आफूमध्येबाट छानी पठाएका तहगत शिक्षक प्रतिनिधि दुईजना – सदस्य

(च) प्रधानाध्यापक – सदस्य

(छ) कार्यरत शिक्षकहरु मध्येवाट वि.व्य.स.को अध्यक्षले तोकेको एकजना – सदस्य सचिव

समितिको वैठकमा विद्यालयले छानेको उच्चतम कक्षाको प्रथम छात्र वा प्रथम छात्रा मध्येवाट एक जनालाई पनि आमन्त्रित गर्नुपर्ने छ। मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।

(२) शिक्षक अभिभावक संघको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निमाणर्ा गर्न विद्यालयलाई सहयोग गर्ने,

(ख) विद्यालयको सामाजिक परीक्षण गर्ने गराउने,

(ग) शैक्षिक गुणस्तर अभिबृद्धिका लागि सहयोग गर्ने,

(घ) विद्यालय भर्ना अभियान सञ्चालन गर्न विद्यालयलाई सहयोग गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(३) संस्थागत विद्यालयहरुले समेत बढिमा सात सदस्यीय शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्न सक्ने छन्।

१७.अनुगमन समिति ः

(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहायबमोजिमको शिक्षा अनुगमन समिति गठन हुनेछ।

(क) नगर उपप्रमुख – संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक – सदस्य

(घ) नगर अध्यक्ष, नेपाल शिक्षक महासंघ – सदस्य

(ङ)े शिक्षाविद् मध्येबाट नगर शिक्षा समितिले मनोनित एक जना –सदस्य

(च) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित एक जना –सदस्य

(छ) शिक्षा अधिकारी –सदस्य सचिव

**परिच्छेद ३**

**शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवा सर्त, योग्यता एवं सक्षमताको मापदण्ड**

१८. शिक्षक कर्मचारीको दरवन्दी निर्धारण गर्ने

(१) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षक, कर्मचारी दरवन्दी निर्धारण तोक ेबमोजिम हुनेछ।

(२) नगरपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्ने छ।

(३) उपदफा (१) र (२)बमोजिम दरबन्दी सिर्जना भई नियुक्ति भएका शिक्षक र कर्मचारीको व्यक्तिगत फाइल खडा गरी शाखाले राख्नु पर्नेछ। यसरी नियुक्त भएका शिक्षक, कर्मचारीको सेवा सुविधा नगरपालिका मार्फत भुक्तानी गर्नुपर्ने छ। शिक्षक तथा कर्मचारीको सेवा, सर्त, योग्यता र सक्षमता शिक्षक तथा कर्मचारीको सेवा, सर्त योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ।

१९. स्थायी अध्यापन अुनमति पत्र लिनु पर्ने ः अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदका लागिउम्मेदवार हुन पाउने छैन।

२०. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन नगर शिक्षा समितिमा सिफारिस गर्नेछ ः

(क) तोकिए बमोजिमको पदीयदायित्व पूरा नगरेमा,

(ख) बिना सूचना लगातार पन्ध्रदिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रधानाध्यापकबाट प्रमाणित भई आएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले विद्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेको वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेको प्रमाणित भएमा,

(च) शिक्षक र कर्मचारी कुनै पनि राजनीतिक दलको कुनै पनि तहको कार्य समितिको सदस्य रहेको पाइएमा,

(छ) निजले अध्यापन गरेको विषयमा तीन वर्षभित्रको औसत शैक्षिक उपलब्धि प्रतिशत राष्ट्रिय, प्रदेश र स्थानीय तहको औसत स्तरभन्दा कम भएमा।

२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा नगर शिक्षा समितिले निजलाई पदबाट हटाउन सक्नेछ तर कार्यरत पदवाट हटाउनु अघि मनासिब माफिकको स्पष्टीकरणको मौका दिईने छ।

२१. अदालतको आदेशबाट पुनःबहाली हुन सक्ने

(१) दफा २० मा उल्लेख भएकाकुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक÷कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम सेवामा पुनःबहाली हुनसक्ने छ।

(२) उपदफा (१) बमोजिम पुनःबहाली भएको शिक्षकले सेवाबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ।

२२. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने

दफा २१ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले सो अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन।

२३. स्थायी आवासीय अनुमति लिन नहुने

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनैपनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन।

परिच्छेद ४

शिक्षक तथा कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम र वृत्तिविकास

२४. शिक्षक तथा कर्मचारीको नियुक्ति

(१) सामुदायिक र संस्थागत विद्यालयमा रिक्त दरवन्दी, राहत शिक्षक र कर्मचारी तथा प्रधानाध्यापक पदमा नियुक्तिको व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ ः

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष – संयोजक

(ख) शाखा अधिकृत, शिक्षा, युवा तथा खेलकुद शाखा वा शाखाको अन्य कर्मचारी – सदस्य

(ग) सम्बन्धित विषयको विशेषज्ञ २ जना - सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

शिक्षक सेवा आयोगले करार सूचीका लागि तोकेको उम्मेदवारहरुले सो रिक्त पदमा प्राथमिकताका आधारमा छनौट समितिले छनौट गर्ने र सो नभएमा नगरपालिकामा सूचीकृत भएका विशेषज्ञहरुको रोस्टरहरु मध्येवाट शाखाले गोलाप्रथावाट दुईजना विशेषज्ञ छनौट गरी लिखित, अन्तरवार्ता तथा आवश्यकतानुसार प्रयोगात्मक परीक्षा लिई छनौट गरिनेछ। छनौट परीक्षाको सञ्चालन तथा व्यवस्थापनको स्थलगत अनुगमन तथा नियमन शिक्षा अधिकारी र सामाजिक विकास समितिको संयोजकबाट हुनेछ।

२) समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२५. प्रधानाध्यापक सम्बन्धी व्यवस्था

(१) सामुदायिक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ।

(२) प्रधानाध्यापकको नियुक्ति, सेवा, सर्त र सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) माध्यमिक तहमा स्थायी तथा स्नातकोत्तर उपाधि प्राप्त शिक्षकहरु मध्येबाट दफा २४ बमोजिमको समितिबाट प्रधानाध्यापक छनौट तोकिए बमोजिम गरिनेछ। सो नभएमा विद्यालयमा कार्यरत शिक्षकहरु मध्येबाट तोकिए बमोजिम एक जनालाई विद्यालय व्यवस्थापन समितिबाट निमित्त प्रधानाध्यापकको निर्णय गरी शाखामा पेश गरिनेछ।

(ख) आधारभूत तहमा स्थायी तथा स्नातक उपाधि प्राप्त शिक्षकहरु मध्येबाट दफा २४ बमोजिमको समितिबाट प्रधानाध्यापक छनौट तोकिए बमोजिम गरिनेछ। सो नभएमा विद्यालयमा कार्यरत शिक्षकहरु मध्येबाट तोकिए बमोजिम एक जनालाई विद्यालय व्यवस्थापन समितिबाट निमित्त प्रधानाध्यापकको निर्णय गरी शाखामा पेश गरिनेछ। नगरपालिकाको शिक्षा अधिकारीले विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएको शिक्षकलाई प्रधानाध्यापक नियुक्ति गर्ने छ।

(ग) प्रधानाध्यापकले नियुक्ति हुनुपूर्व पाँच बर्षे विद्यालय सुधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नुपर्ने छ।

(घ) विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ।

(च) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाइएमा शिक्षा अधिकारीले हटाउन सक्नेछ तर एकपटक स्पष्टीकरणको मौका दिइनेछ।

२६. शिक्षकको सरुवा

(१) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई नगरपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा नगरपालिकाले तोकिए बमोजिमको प्रक्रिया अपनाई रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ। तर, उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै

विद्यालयमा तीन वर्ष सेवा अवधिपूरा गरेको स्थायी शिक्षकलाई आवश्यकताका आधारमा नगर शिक्षा समितिले नगर भित्रका कुनै पनि विद्यालयमा सरुवा गर्न सक्नेछ।

(२) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई नगरपालिका भित्र निज कार्यरत विद्यालय व्यवस्थापन समितिको सहमतिमा शाखाले अन्य गाँउपालिका वा नगरपालिकामा सरुवाको लागि सहमति दिन सक्नेछ।

(३) नगर शिक्षा समितिले दरवन्दी मिलानको क्रममा समान तहको स्थायी, अस्थायी तथा राहत शिक्षक बीच आवश्यकता र औचित्यताका आधारमा सरुवा गर्न सक्नेछ र सामान्यतया शिक्षकको सरुवा पदस्थापन भएको तीनबर्ष सम्म गरिने छैन।

(४) शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ। तर, कुनै शिक्षकको सरुवा नगरी नहुने मनासिव कारण देखिएमा नगरपालिकाले जुनसुकै बेला सरुवा गर्न सक्नेछ ।

(५) शिक्षक सरुवा गर्दा रिक्त दरवन्दीमा विद्यालय व्यवस्थापन समितिले नगर भित्रका शिक्षकहरुलाई पहिलो प्राथमिकता दिने, दोस्रोमा यस जिल्ला भित्रका अन्य स्थानीय तहका शिक्षकहरुलाई र सो नभएमा अन्य जिल्लावाट सरुवा भई आउनका लागि सहमति दिनुपर्ने।

२७. दरवन्दी मिलान

(१) तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा नगर शिक्षा समितिले दरवन्दी मिलान गर्न सक्नेछ।

(२) एकै विद्यालयमा तीन बर्ष सेवा अवधि पुगेका शिक्षक कर्मचारीहरुलाई नगर शिक्षा समितिले सम्बन्धित विद्यालयको सहमति विना पनि नगर क्षेत्र भित्रको अन्य विद्यालयमा सरुवा गर्न सक्नेछ।

(३) प्रत्येक विद्यालयमा एउटा प्रारम्भिक बालविकास केन्द्र रहने गरी बालविकास केन्द्र र केन्द्रमा कार्यरत बाल विकास शिक्षकहरुलाई आवश्यकताका आधारमा व्यवस्थापन गरिने छ।

२८. शिक्षकको स्थायी नियुक्ति र बढुवा सम्बन्धी व्यवस्था

हालका स्वीकृत दरवन्दीमा शिक्षकहरुको स्थायी नियुक्ति तथा बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारको संघीय र प्रादेशिक कानुन बमोजिम वन्ने शिक्षक सेवा आयोगबाट तोके बमोजिम हुनेछ। स्थानीय तहबाट नियुक्ति पाएका शिक्षकहरुको सेवा, सर्त तथा बढुवा सम्बन्धी व्यवस्था नगरपालिकाले तोकेबमोजिम हुनेछ।

२९. तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था ः

शिक्षकलाई संघीय, प्रादेशिक तथा नगरपालिकाबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ।

३०. शिक्षकलाई अन्य काममा लगाउन नहुने

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्यकाममा लगाउन पाईने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवीप्रकोप उद्धार वा संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

**परिच्छेद–५**

**सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन**

३१. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान, कम्पाउन्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय, सिकाइमैत्री वातावरण आदि जस्ता पक्षको व्यवस्थापन हुनु पर्नेछ।

(२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, छात्रामैत्री सेनिटरी प्याड, प्रारम्भिक तहमा कक्षाहरुमा बुक कर्नर जस्ता न्यूनतम सुविधा उपलब्ध हुनुपर्ने छ।

(३) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ।

३२. विद्यालयको सम्पत्ति

(१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति वडा कार्यालयको सिफारिसमा नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेच–बिखन गरी प्राप्त भएको रकम सम्बन्धित नगर शिक्षा कोषमा जम्मा गर्नेछ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनुपर्ने छ तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट पूर्व स्वीकृति लिनुपर्ने छ।

(५) विद्यालयले चल अचल सम्पत्ति वेचविखन गर्दा नगरपालिकाको शाखाको अनुमति विना वेच्न पाइने छैन।

३३. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सोहीे विद्यालयकै नाममा रहने छ। सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा नगरपालिकाले कानुन बमोजिम भोग चलन गर्न सक्नेछ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सोही विद्यालयको व्यवस्थापन समितिको हुने छ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य नगरपालिकाको हुनेछ।

३४. पाठ्यक्रम र पाठ्यपुस्तक

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ। विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्नेछ।

(२) आफ्ना क्षत्रेभित्रका विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको सख्ंया सम्बन्धित विद्यालयले तोकिए बमोजिमको सीमाभित्र माग गर्नु पर्नेछ।

(३) शैक्षिक सत्र शुरुसंगै विद्यालयहरुले तोकिएका कक्षाका विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक वितरण गर्नुपर्ने छ।

(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङक वा ४ पाठ्य घण्टा बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम र अन्य तोकिएका पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ।

(५) विद्यालयमा बहु पाठ्यपुस्तक लागू हुनेछ।

(६) शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामग्री, थप स्वाध्यायन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रबन्ध हुनु पर्नेछ।

(७) नगरपालिकाको सम्बन्धित शाखाबाट विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू भए नभएको नियमित अनुगमन हुने छ।

३५. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

(१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्न सक्ने छ।

(२) विद्यालयले स्काउट, रेडक्रस, बालक्लव, ईको क्लब तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद् प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्नसक्ने छ।

(३) सह तथा शैक्षिक क्रियाकलाप सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद–६

संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्यांकन र नियमन सम्बन्धी व्यवस्था

३६. संस्थागत विद्यालय सञ्चालन गर्न अनुमति र स्वीकृति लिनुपर्ने छ।

३७. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समिति ः (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ः

(क) विद्यालयको संस्थापक मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा वडा शिक्षा समिति मार्फत शिक्षा अधिकारीबाट मनोनित – अध्यक्ष

(ख) अभिभावक मध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना – सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवी मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना – सदस्य

(घ) शाखा अधिकृत, नगरपालिका – सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूमध्येबाट छानी पठाएको एकजना – सदस्य

(च) सम्बन्धित विद्यालयको प्रधानाध्यापक – सदस्य–सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ। अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा वडा शिक्षा समितिको सिफारिसमा शिक्षा अधिकारीले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन।

३८. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ः

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयका लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने,

(च) अध्यापन अनुमति पत्रलिई प्रचलित कानुन बमोजिम शिक्षक पदका लागि उम्मदेवार हुन याग्ेयता पुरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुिक्त गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको नियुक्ति छनौट समिति मार्फत गरी न्यूनतम तलब, सेवा र सुविधा तोक्ने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ)शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लिखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने

(ञ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम गर्ने।

(ट) विद्यालय व्यवस्थापन समितिको अन्यकाम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम गर्ने,

(ठ) लेखा परीक्षण गराई अनिवार्य रुपमा बार्षिक प्रतिवेदन वडा शिक्षा समिति र नगर शिक्षा समितिमा पेस गर्ने,

(ड) शिक्षक कर्मचारी तथा विद्यार्थीको आचार संहिता बनाई लागु गर्ने।

(ढ) न्यूनतम पारिश्रमिक आयोगले तोके वमोजिम हुनेछ।

(ण) भर्ना शुल्क र अन्य शुल्ककम्तिमा ६५ प्रतिशत अभिभावकहरुको भेलावाट निर्णय गराई स्वीकृतिको लागि शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तिमा एक महिना अगाडि शाखामा पेश गर्नुपर्नेछ।

३९. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दस प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम जेहेन्दार, अति विपन्न, अपांगता भएका, छात्रा, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समितिको अध्यक्षको संयोजकत्वमा नगरपालिकाको शाखाको प्रतिनिधी, शिक्षक अभिभावक संघका अध्यक्ष र विद्यालयका प्रधानाध्यापक रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ।

(३) समितिले छनौटका लागि आधार, सर्त र प्रक्रियातयार गरी सोही विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नुपर्ने छ।

(४) समितिले छात्रवृत्तिका लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नुपर्ने छ।

(५) संस्थागत विद्यालयले प्रत्येक वर्ष प्रदान गरेको छात्रवृत्तिको कोटा नगरपालिकाको शाखामा पेस गर्नुपर्ने छ।

४०. अनुगमन तथा मूल्याङ्कन

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न नगर शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न र निर्देशन दिन सक्नेछ। यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ।

४१. अनुमति वा स्वीकृति रद्द गर्ने

कुनै संस्थागत विद्यालयले यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन।

परिच्छेद ७

परीक्षा सञ्चालन तथा व्यवस्थापन

४२. आधारभूत तह शिक्षा  परीक्षा सञ्चालन तथा व्यवस्थापन

(१) आधारभूत तहका कक्षा ८ को अन्तिम तथा बाह्य परीक्षालाई नगरपालिकाको क्षेत्र भर मर्यादित व्यवस्थित तरीकाले एकरुपताका साथ सञ्चालन गर्न तपसिलको आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ः

(क) शिक्षा अधिकारी – अध्यक्ष

(ख) सामुदायिक विद्यालयका आधारभूत तह (६–८) र माध्यमिक तह (९–१२) मध्येबाट एक जना प्रधानाध्यापक वा शिक्षक मध्येबाट महिलासहित समितिवाट मनोनित दुई जना – सदस्य

(ग) संस्थागत विद्यालयका प्रधानाध्यापक वा संस्थापक मध्येबाट समितिवाट मनोनित १ – सदस्य

(घ) शाखा अधिकृत, शिक्षा, युवा तथा खेलकुदशाखा – सदस्य सचिव

(२) परीक्षा समितिले शाखाका अन्य कर्मचारी र सम्बन्धित विषयका विशेषज्ञलाई परीक्षा समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) मनोनित सदस्यहरुले पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा हटाउन सकिनेछ तर हटाउनु अघि निजलाई सफाइको मौकाबाट बञ्चित गरिने छैन।

(४) समितिको बैठक भत्ता नगर कार्यपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ।

(५) मनोनित सदस्यहरुको कार्यकाल  दुई वर्षको हुनेछ।

**परिच्छेद–८**

**विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन, अनुगमन र नियमन**

४३. विद्यालय विकास कोष

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय विकास कोष हुनेछ, जसमा दहोय बमोजिमका स्रोतबाट प्राप्त रकम सोही कोषमा दाखिला हुनेछ ः

(क) नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र सामाजिक वा लेखा परीक्षण तोकिए बमोजिम हुनेछ।

४४. अनुदानको व्यवस्था

(१) यो ऐन प्रारम्भ हुँदाका बखतदिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँदै आएको अनुदान रकम कटौती गर्न सकिनेछ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ।

४५. लेखा व्यवस्थापन

(१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राख्न माध्यमिक विद्यालयका लागि प्रधानाध्यापक र विद्यालय सहायक कर्मचारी तथा आधारभूतका लागि प्रधानाध्यापक र लेखा हेर्ने शिक्षकका साथै प्राथमिक विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षवाट खाता सञ्चालन गरी लेखा व्यवस्थापन गर्नुपर्नेछ।

४६. लेखा परीक्षण तथा सामाजिक परीक्षण

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र नगर शिक्षा समितिले तोकेको रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिनभित्र नगरपालिकाको शाखामा पेस गर्नुपर्नेछ।

(३) प्रत्येक वषर्को भदौ मसान्तभित्र विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आयव्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नुपर्नेछ।

(४) विद्यालयले हरेक त्रैमासिक अवधिमा नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति विश्लेषण गरी सोको प्रतिवेदन अभिभावक समक्ष पेश गरी पृष्ठपोषण लिनुपर्नेछ।

४७. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने ःनगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्नसक्नेछ।

४८. शुल्क तथा सहयोगबाट प्राप्त रकम

(१) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले विद्यालयको विकासका लागि आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ। यसका साथै कुनै अभिभावकले आफ्नो खुसी राजीले आफ्नो सन्ततिका लागि शिक्षण शुल्क, खेलकुद् शुल्क, मनोपरामर्श शुल्क, परीक्षा शुल्कलगायत अन्य शुल्कहरु दिन ईच्छा गरेमा विद्यालयले लिन सक्नेछ तर त्यस्तो शुल्कको सदुपयोगको सुनिश्चितता हुनुपर्नेछ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामाभर्ना गर्दा एकपटक भर्ना शुल्क लिई सकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा कुनै किसिमको भर्ना शुल्क लिन पाइनेछैन।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउनेछैन।

(७) सस्थागत विद्यालयले विद्यार्थी सँग लिन पाउने शलुक आफ्नो विद्यालयको वर्गीकरणको आधारमा तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नुपर्ने छ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदाँ तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधा र वर्गीकरणको आधारमा दिनेछ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले जरिवाना गर्न सक्नेछ।

४९. विद्यालयलाई छुट र सुविधा

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा स्थानीय सरकारले तोकिएको आधारमा रजिष्ट्रेसन दस्तुर छुट दिन सक्नेछ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ।

**परिच्छेद ९**

**प्राविधिक तथा व्यवसायिक शिक्षा**

५०.नगरपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिनेछ। यस्ता विद्यालयको सञ्चालनका लागि नगरपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ। नगरपालिकाले प्राविधिक विषयको कक्षा सञ्चालनका लागि अनुमति दिंदा वडामा तोकिएको मापदण्ड वमोजिम नदोरिने गरी विषय सिफारिस गर्नेछ। सामुदायिक विद्यालयमा प्राविधिक कक्षाका लागि चाहिने शिक्षक कर्मचारी व्यवस्थापन गर्ने प्रयास गरिनेछ।

(१) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा संचालन प्रक्रिया तोकिएको मापदण्ड वमोजिम हुनेछ।

परिच्छेद १०

विविध

५१. विद्यालयको विनियम

(१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समितिबाट पारित गराई लागू गर्नुपर्नेछ।

(२) समितिहरुले विनियम आवश्यकता अनुसार संसोधन गर्नसक्नेछन्।

(३) विनियम अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ।

(४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट सात दिन भित्र व्यवस्थापन समितिले नगरपालिकामा पेस गर्नुपर्नेछ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनुपर्नेछ।

५२. नगरपालिका र शाखाले निर्देशन दिन सक्ने ः

(१) नगरपालिका र शाखाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकलाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु  वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको कर्तव्य हुनेछ।

५३. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने ः

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

(३) विद्यालयको बृहत्तर सुरक्षाको लागि आवश्यक पर्ने पूर्व तयारी र व्यवस्थापन गर्नु विद्यालयको जिम्मेवारी हुनेछ।

५४. विद्््यार्थी भर्ना सम्वन्धी व्यवस्था

सामुदायिक विद्यालयहरुले आफ्नो सेवा क्षेत्र भित्रका विद्यालय उमेर समूहका वालवालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्नुपर्नेछ।

५५. बालबालिकालाई निष्काशन गर्न,शारीरिक वा मानसिक दूव्र्यवहार गर्न नहुने

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक, मानसिक यातना दिन वा दुव्र्यवहार गर्न पाइने छैन।

५६. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम वा वैदेशिक शैक्षिक मेला, प्रदर्शनी सञ्चालन गर्न पाउनेछैन।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५७.नगरपालिकाले शैक्षिक गुणस्तर मापन र एकरुपताका लागि कक्षा ५ को वार्षिक परीक्षा लगायत अन्य कक्षाको परीक्षालिई स्तर मापन गर्न सक्नेछ।

५८. प्रगति विवरण बुझाउनु पर्ने

संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण वडा शिक्षा समिति र नगर शिक्षा समितिमा बुझाउनु पर्नेछ।

५९. शिक्षा विकास कोष

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पीडित, अशक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न तथा नगरपालिकामा सञ्चालित विद्यालयहरुमा आवश्यकतानुसार शिक्षक र कर्मचारी व्यवस्थापन गर्न नगरको शैक्षिक गुणस्तर सुधारका लागि नगर शिक्षा विकास कोष स्थापना गरिनेछ।

(२) कोषमा देहाय बमोजिमको रकम रहन सक्नेछ ः

(क) संघीय सरकार, गण्डकी प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) कोषको सञ्चालन तथा व्यवस्थापन कार्यविधिमा तोकिए बमोजिम हुनेछ।

६०. दण्ड सजाय

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोके बमोजिम सजाय हुनेछ।

(क) प्रश्नपत्रको गोपनीयता भंग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैरजिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रसँग सम्बन्धित पदाधिकारीको स्वीकृति वेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अर्मयादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भंगहुने अन्यकुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमतिनलिई मन्टेश्वरी कक्षा, कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, ट्युसन, कोचिङ सेन्टर, कम्प्युटर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(झ) कानून विपरीतको अन्य कार्य गरेमा।

(३) कानून बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि मुद्दाको टुंगो नलागेसम्म निलम्बन हुनेछ र सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ।

६१. पुनरावेदन

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ।

६२. संक्रमणकालीन व्यवस्था

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगरपालिकाको सम्बन्धित शाखाले गर्न सक्नेछ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति नगरपालिकाको सम्बन्धित शाखाले दिन सक्नेछ।

६३. बाधा अडकाउ फुकाउने अधिकार

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा–अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा—अड्काउ हटाउन आदेश जारी गर्न सक्ने छ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ तर यस्तो आदेश नगर सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतःनिस्क्रियहुनेछ।

६४. नियम बनाउने अधिकार

(१) शैक्षिक सुधारका निम्ति र यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि नगर कार्यपालिकाले देहाय बमोजिमका शिक्षा संग सम्बन्धित नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।

(क) असल शिक्षक, विद्यार्थी, अभिभावक प्रोत्साहन,

(ख) अनाथ एवम् सडक बालबालिका शैक्षिक सहयोग,

(ग) विपन्न समुदायका बालबालिकाका लागि शैक्षिक सहयोग एवम् दिवा खाजा,

(घ) एकमुष्ठ अनुदानमा आधारित विद्यालय सञ्चालन,

(ङ) नमुना विद्यालय छनोट र विकास,

(च) गरिवीको रेखामूनि रहेका परिवारका बालबालिकाका लागि शैक्षिक प्रोत्साहन,

(छ) शिक्षक दरबन्दी व्यवस्थापन एवम् मिलान,

(ज) विद्यार्थीका लागि सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन,

(झ) शैक्षिक क्यालेन्डर तथा शैक्षिक पुस्तिका प्रकाशन,

(ञ) भौचर प्रणालीमा आधारित शिक्षा,

(ट) नगरशिक्षा परिषद् गठन,

(ठ) गुणस्तरीय शिक्षाका लागि अनुदान,

(ड) अनिवार्य शिक्षा कार्यान्वयन,

(ढ) एक माध्यमिक विद्यालय एक विषय समूहलाई प्रोत्साहन

(ण) विद्यार्थी संख्या अभिबृद्धि कार्यक्रम,

(त) अन्तर विद्यालय सहयोग कार्यक्रम,

(थ) विशेष शिक्षा विद्यालय संचालन

(द) मन्टेश्वरी एवं चाइल्ड केयर सेन्टर संचालन

(ध) विद्यालय अनुदान कार्यविधि

(न) नगर स्तरीय परिक्षा सञ्चालन कार्यविधि

(प) आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका

(फ) संस्थागत विद्यालय सञ्चालन मापदण्ड निर्देशिका

(ब) सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि

(भ) ट्यूशन तथा कोचिङ कक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि

(म) विद्यालयमा खेलकुद प्रतियोगिता

(य) विद्यालय समायोजन

(र) अन्य शैक्षिक कार्यक्रम सम्बन्धी

६५. बचाउ र लागू नहुने

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना–मिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उप दफाहरु बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ।

(४) यस अघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीलाई नेपाल सरकारले दिँदै आएको सुविधामा कुनै किसिमको कटौति गरिने छैन तर यस व्यवस्थाले कानुन बमोजिम दण्ड, सजाय र कारवाही गर्न बाधा पर्ने छैन।

(५) यस ऐनमा उल्लेख भएका कुराहरु संघीय र प्रादेशिक शिक्षा ऐनसँग बाझिएमा स्वतःखारेज हुनेछन्।

**आज्ञाले,**

**रामचन्द्र लामगादे**

**प्रमुख प्रशासकीय अधिकृत**